बडिगाड गाउँपालिकाको १३ औं गाउँसभामा उपस्थित बडिगाड गाउँपालिकाका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनितिक दलका प्रतिनिधिज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीज्यूहरु, पत्रकारज्यूहरु एवम् उपस्थित सम्पूर्ण महानुभाव तथा फेसबुक पेज तथा रेडियोबाट यस कार्यक्रमको प्रत्यक्ष प्रसारण सुनिरहनु भएका देश तथा विदेशमा रहनुभएका सम्पुर्ण बडिगाडबासी लगायत अन्य महानुभावहरुमा यस बडिगाड गाउँपालिकाको यो महत्वपूर्ण १३ औं गाउँसभामा हार्दिक स्वागत एवम् आभार प्रकट गर्दछु ।

नेपाली जनताको पटक पटकको वलिदानीपूर्ण संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका क्रममा विभिन्न कालखण्डमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतन्त्र, राष्ट्रियता, जनजीविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरुमा उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको आर्थिक, सामाजिक, राजनैतिक रुपमान्तरणमा सहयोग पुर्याउनुहुने सबैको योगदानको उच्च मूल्याङ्कन गर्दै म हार्दिक सम्मान प्रकट गर्दछु ।

दशकौं लामो बलिदानीपूर्ण संघर्षबाट प्राप्त संघियताको मूल आधारको रुपमा जनतासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने उदेश्यका साथ स्थानिय सरकार स्थापना भएको छ । स्थानिय सरकारको स्थापना सँगै स्थानिय सरकारले आफ्नो उपस्थिति जनस्तरमा बलियो बनाउँदै लगेको छ । छोटो समयमानै संघियताको सबलीकरण, लोकतन्त्रको सुदृढीकरण र जनताको विकास र आवाश्यकताको सम्बोधन र संविधान प्रदत्त जिम्मेवारी निर्वाह गर्ने सवालमा र अहिलेको परिस्थितिमा संघियत्ता प्रती जुन प्रकारको नकरात्मक विश्लेषण आम जनताले गरेका छन् यि सबै सवालमा अनवरत रुपमा आम जनताको विश्वास जिति अनवरत रुपमा स्थानिय सरकारले काम गर्दै आएको छ । संघिय सरकार र प्रदेश सरकारसँग समन्वयकारी भूमिका निर्वाह गरी जनतालाई सेवा प्रवाह गर्ने सवालमा स्थानिय सरकारले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को बडिगाड गाउँपालिकाको नीति तथा कार्यक्रम आज यस गरिमाय गाउँसभामा पेश गर्न लागीरहेको छु । आगामी बर्षको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा वस्तुगत धराताल र स्रोत साधनको सन्तुलन हुने गरी तर्जुमा गरिएको छ।

सभाका सदस्यज्यूहरु

नेपाल भित्रको नेपाल भनेर चिनिने जिल्ला बागलुङ अन्तर्गत रहेको दश स्थानियतहरु मध्यको बागलुङ जिल्लको मध्य भागमा रहेको साविकका ७ वटा गा.वि.स.हरु मिलेर बनेको सबैभन्दा ठूलो गाउँपालिका बडिगाड हो । यस गाउँपालिकाको पूर्वमा गलकोट नगरपालिका, पश्चिममा निसिखोला गाउँपालिका तथा ढोरपाटन नगरपालिका र प्युठान जिल्ला पर्दछ भने उत्तरमा गलकोट नगरपालिका र ताराखोला गाउँपालिका तथा दक्षिणमा गुल्मी जिल्लाको मुसिकोट नगरपालिका तथा मालिका गाउँपालिकाहरु पर्दछन् । यस गाउँपालिका द्धारा हलै निर्माण गरिएको डिजिटल प्रोफईल अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ३३२५५ रहेको छ । जसमध्य पुरुषको जनसंख्या १७०९७ रहेको छ भने महिलाको जनसंख्या १६१५० रहेको छ । यस गाउँपालिकामा कुल घरधुरी संख्या ६३५१ रहेका छन् ।यस बडिगाड गाउँपालिकाको कुल क्षेत्रफल १७८.६७ वर्ग कि.मी. रहको छ जसमध्ये २०.७% पाखावारी १३.८% खेत सिम ८.७% खेत अयम १२.९% खेत दोयम ३६.९% बारी र ७.०% घडेरी रहेको पाईयो ।यस गाउँपालिकाको सबैभन्दा होचो भाग समुन्द्री सतहबाट ७ सय ३२ मिटरदेखी सबैभन्दा अग्लो भाग ३४ सय ४२ मिटरसम्म

उचाईमा रहेको छ । यस बडिगड गाउँपालिकामा सबैभन्दा बढी निर्वाहमुखी कृषी तथा पशुपालन पेशा गर्नेको संख्या प्रतिशतमा ९०.६% छ र सबैभन्दा थोरै उधोग धन्दा गर्ने देखियो जसको प्रतिशत ०.२% रहेको छ ।

**सभाका सदस्यज्यूहरु**

चालु आर्थिक वर्ष २०७९/०८० को लागी तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छौं । चालु आर्थिक वर्षका लागि पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको हालसम्मको अवस्था समीक्षा गर्दा समष्टिगत योजना र कार्यक्रमहरुको उपलब्धी सन्तोषजनक रहेको छ । गाउँपालिकाका गौरवका आयोजनाहरु, पालिका स्तरीय र वडा स्तरीय पूर्वाधारका अधिकांश योजनाहरु सम्पन्न हुने अवस्थामा छन् । बहुवर्षिय आयोजनाहरु कार्यान्वयनमा रहेका छन् । आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, विपद तथा वातावरण व्यवस्थापन र सुशासन तथा संस्थागत विकास तर्फका समग्र विषयगत कार्यक्रमहरु कार्यान्यिवयन गरीएका छन् ।

**सभाका सदस्य ज्यूहरु,**

**"हाम्रो पालिका राम्रो पालिका"**, यहि परिकल्पनालाई उच्च प्राथमिकत्ता दिने गरी अहिलेको देशको परिवेश र गत आर्थिक वर्षको भन्दा घटेर आएको वजेटको विश्लेषण साथै संघिय सरकार प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई समेत मध्यनजर गरी नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा म यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले गरेको नीतिगत व्यवस्था, नेपालले अन्तरर्राष्ट्रिय स्तरमा गरेका प्रर्तिवद्त्ताहरु, दिगो विकासको लक्ष्य, पन्धौं राष्ट्रिय योजना र गाउँपालिकाको बृहत योजना हाम्रा मुख्य मार्गदर्शक आधार रहेका छन् ।

सहभागितामूलक योजना तर्जुमा प्रकृया अन्तर्गत स्थानिय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट निर्धारण समितिमा छलफल पश्चात् बस्तीस्तर, वडास्तर, बिषयगत समिति, बजेट तर्जुमा समिति हुँदै आउने योजनाहरुलाइ दीर्घकालीन लक्ष्य, उदेश्यसँग तादाम्यत्ता मिलाई प्राथमिकिकरण गरिएको छ । गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिका भित्रका तथा बाहिरका विभिन्न क्षेत्रका नागरिकहरुसँगको छलफल र सहभागीत्तालाई प्राथमिकत्तामा राखिएको छ । विगतको गाउँसभाबाट पारित नीति तथा कार्यक्रम, बडिगाडवासीबाट प्राप्त अमुल्य सुझाव, बर्तमान जनप्रतिनिधि,कर्माचारी, शिक्षक, राजनितिक दलहरु, नागरिक समाज तथा संचारकर्मीहरुबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्राप्त सुझावहरुलाई महत्वका साथ ग्रहण गरीएको छ ।

**सभाका सदस्यज्यूहरु,**

कार्यक्रम तयारी र बजेट विनियोजन गर्दा एक वडा एक बहुवर्षिय योजना पालिका स्तरबाटै छनोट गरी वजेटको व्यवस्था गरिनेछ भने चालु आर्थिक वर्षका अधुरा योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकत्ता दिइने छ । स्थानिय साधन, श्रोत र सीप प्रयोग हुने एवम् तत्काल रोजगारी सिर्जना गर्ने आयोजनाहरु छनौट गरिनेछ भने ससाना पालिका स्तरीय र वडास्तरीय योजनाको संख्या घटाउनका लागी निश्चित सिलिङ र मापदण्ड निर्धारण गरिएको छ । वालमैत्री, वातावरणमैत्री, लक्षितवर्ग मैत्री, स्थानीय शासन, दिगो विकास र विकासका सझा सवाललाई नीति तथा कार्यक्रममा प्राथमिकत्तामा राखिएको छ ।

गाउँपालिकाको आन्तरीक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकमलाई यथार्थ विश्लेषण गरी समय सापेक्ष ढङ्गले नीति तथा कार्यक्रम तय गरीएको छ । यस पटक देशको अर्थतन्त्रलाई समेत मध्यनजर गरी घाटा बजेट

राखी योजना तर्जुमा गर्ने पद्दतिलाई निरुत्त्साहन गरिनेछ भने आगामी आर्थिक वर्षमा चालु आर्थिक वर्षको भन्दा वडास्तरको बजेट सिलिङ २० प्रतिशतले कम हुनेछ ।

सभाका सदस्यज्यूहरु,

आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको लक्ष्य **"समृद्द बडिगाडः खुशी बडिगाडवासी"** रहेको जानकारी यस सम्मानीत सभामा जानकारी गराउन चाहन्छु ।

**"जनप्रतिनिधि शासक होइन, जनताका सेवक हुन्"** भन्ने मान्यतामा आधारीत जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी सम्यन्त्रबाट नै समृद्द बडिगाड बनाउन सकिन्छ भन्ने मान्यतालाई हामिले आफ्नो मार्गदर्शक सिद्दान्तको रुपमा ग्रहण गरेका छौं ।

सभाका सदस्यज्यूहरु,

लोकतन्त्रको आधारस्तमभका रुपमा रहेको आवधिक निर्वाचन अन्तर्गत मिति २०७९/०१/३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाइ मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणिय बडिगाडवासी आमा, बुवा, दाजुभाई, दिदीबहिनी तथा अन्य सहयोगी महानुभावहरुमा यस गरिमामय सभा मार्फत पुन धन्यवाद एवम् आभार प्रकट गर्दै दोस्रो कार्यकालका जनप्रतिनिधिहरुद्वारा तयार गिरएको दोस्रो आर्थिक वर्षको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्व लागेको छ । अव म आर्थिक वर्ष २०८०/०८१ को विषयगत/क्षेत्रगत रुपमा निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## क. सुशासन तथा संस्थागत विकास

शुसासन तथा संस्थागत विकास अन्तर्गत **"भ्रष्टाचारमा शुन्य सहनशिलता सुशासनको प्रतिवद्धत्ता"** भन्ने नारालाई मुख्य रुपमा अवलम्वन गरिनेछ ।

**"प्रविधिको प्रयोगबाट सुशासन र सम्मृद्धि सम्भव छ" भन्ने विषयलाई आत्मासाथ गर्दै बडिगाड गाउँपालिकाको संयन्त्रलाई** जनमुखी बनाई नागरीकको अपेक्षा अनुरुप छिटो छरिता र प्रभावकारी सेवाका माध्यमबाट नागरिकलाई शासनको सुखद् अनुभुति दिलाउँदै बडिगाडमा सुशासन कायम गर्न प्रतवद्ध छौं । बडिगाड नागरिकको हित प्रगती तथा उन्नतीका लागि प्रदान गरिने कुनै पनी प्रकारका सेवा सुविदालाई प्रभावकारी ढङ्गले बैज्ञानीक तवरले तथा कानुन सम्मत तरिकाले जनता समक्ष हामी प्रतिवद्ध रहेका छौं ।

- गाउँपालिकाको कार्य प्रकृयामा सुशासनको अनुभूति  दिलाउन र सेवाग्राहीहरुको सुविधाका लागी हामी सचेत छौं र सेवा प्रवाहलाई सहज र सरल बनाउने छौं ।
- **"सेवाको वरीपरी जनता होईन जनताको वरीपरी सेवा"** भन्ने अवधारणालाई आत्मसाथ गर्दै गाउँपालिकामा नागरीक सहायत कक्षालाई थप व्यवस्थित गरी नागरीकहरुको न्युनतम समस्याहरुको समस्या समाधान गाउँपालिकाबाटै गरीनेछ ।
- गाउँपालिका तथा सवै वडाहरुमा नागरीक वडा पत्रको व्यवस्था गरीनेछ ।
- बृहत विधुतिय सुशासनको अवधारणामा गाउँकार्यापालिकाको कार्यालय र वडा कार्यालयमा हुने सवै कार्यलाई विधुतिय अभिलेख गरी पालीकाका कार्यहरु पेपर लेस युत्त बनाईनेछ  भने गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।
- १० वटै वडाहरुमा आधारभूत सेवाको स्तरीकरणका लागि सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।

- विधिको परिपालना, जवाफदेहित्ता, कार्यसम्पादनमा प्रभावकारीता सहितको सार्वजनिक सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।
- सामाजिक परीक्षण, सार्वजनीक सुनुवाई कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ साथै आर्थिक वर्ष २०८०/०८१ देखी वडा कार्यालयमा समेत सार्वजनीक सुनुवाई कार्यक्रम गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिकाको सुरक्षाको क्षेत्रलाई समेत मध्यनजर गरी स्थानीय सरकाल संचालन एनमा भएको व्यवस्था र कानुन बमोजिम नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- स्थानिय तहको संस्थागत क्षमत्ता स्वःमूल्यांकन कार्य (लिजा) लाई प्रभावकारी रुपमा अबलम्बन गरीनेछ । उच्चतम नतिजा प्राप्त गर्न कमजोर क्षेत्रहरु पहिचान गरी समयमै सुधार गरिनेछ ।
- गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत तथा प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखहरु बीच कार्यसम्पादन सम्झौत्ता गरी परिणाममुखी नतिजा हाँसिल गर्न तथा नतिजाको आधारमा कर्मचारीहरुको कार्य सम्पादन तथा मूल्याङ्कन सहित दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ ।
- करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजश्व प्रणालीलाई करदातामैत्री बनाईनेछ ।
- प्रत्येक वडामा राजश्व तथा व्यक्तिगत घटना दर्ताका लागी कम्प्युटरमा आधारीत सेवालाई थप व्यवस्थित बनाईनेछ ।
- सामाजिक सुरक्षा भत्ता नलिने स्व-घोषणा गर्ने लाभग्राहीलाई सम्मान गरिनेछ ।
- व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- व्यत्तिगत घटना दर्ता, सामाजिक सुरक्षा दर्ता तथा वितरण सम्बन्धी आवाश्यक सुचनाहरु प्रवाह गर्ने संचार माध्यमहरु (रेडियो, पत्रपत्रिका, टेलिभिजन, फेसबुक पेज, वेयवसाईट आदी) प्रयोग गरी प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- घटना दर्ता तथा सामाजिक सुरक्षाको पहुँचबाट टाढा रहेका लाभग्राहीहरुलाई घुम्टीसेवा तथा सिविर संचालन गरिनेछ ।
- राजश्व शाखालाई थप व्यवस्थित एवम् प्रभावकारी बनाईनेछ ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पार्दशित्ता बनाउनका लागी १० वटै वडा कार्यालयबाट SUTRA सफ्टवयर मार्फत राजश्व संकलन गरिनेछ भने कर्मचारीहरुलाई क्षमत्ता विकास सम्बन्धी तालिम संचालन गरिनेछ ।
- राजश्व सम्बन्धी मासिक तथा चौमासिक रुपमा प्रतिवनेद तयार पारी गाँउकार्यपालिकामा पेश गरीनेछ ।
- आवाश्यकत्ता अनुसार राजश्व संकलन शिविर संचालन गरिनेछ ।
- आन्तरीक नियन्त्रण प्रणालिलाई प्रभावकारी कार्यान्वयन गर्नका लागी आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन गरिनेछ ।
- लेखापरिक्षण कार्य नियमित मासिक रुपमा गरी चौमासिक रुपमा कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गरिनेछ । साथै लेपापिरक्षण निर्देशिका -२०८० तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- आयोजनाहरुको सम्झौत्ता वडा तहमै गर्ने व्यवस्था मिलाईनेछ भने सामाजिक सुरक्षा भत्ता समेत वडा तहबाटै वितरण गरिनेछ ।
- योजनाहरुको कार्यान्वयन पक्षलाई थाप बलियो र असारे विकासको अन्त्य गर्नका लागी योजना सम्झौता समयमै गरी समयमै फरफारक गर्ने व्यवस्था मिलाईनेछ भने उपभोत्ता समितिहरुका लागी तालिमको व्यवस्था मिलाईनेछ ।

- सुशासन प्रवर्धन, प्रभावकारी सेवा प्रवाह, कार्यालय संचालन तथा विभिन्न विकास अनुभव एवम् सहयोग आदान प्रदानका लागी विभिन्न स्थानीय सरकारसँग तथा अन्य देशका स्थानीय सरकार सँग समेत भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी सिर्जित विवाद जग्गन विवाद लगायत स्थानिय सरकार संचालन एन ४७.२ मा उल्लेख गरीएका सामाजिक विवादहरुको मेलमिलाप गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको कार्यालयमा पोषण कर्नर तथा स्तनपान कक्षको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको वित्तिय व्यवस्थापनमा सुधार ल्यानका लागी शुन्य बेरुजुको अवधारणा अनुसार बेरुजु फस्यौट कार्यलाई प्रभावकारी बनाईनेछ भने सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ ।
- गाउँपालिकाको वयवसाईट, फेसबुक पेज तथा सुचना प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
- खरिद प्रकृयालाई व्यवस्थित बनाउनका लागी खरिद योजना तयारी र कार्यान्वयनलाई अनिवार्य गरिनेछ ।
- गाउँपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य चौकी विधालय मुख्य बजार क्षेत्र एवम् बस्तीहरु लगायत अन्य कार्यालयहरुमा क्रमश ई-हाजीरी र सि.सि क्यामराको जडान गरिनेछ ।
- स्थानीय तह वित्तिय सुशासन जोखीम मूलाङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- आम नागरिकले गाउँपालिका प्रतिको सेवाप्रवाहको विषयमा सुझाव, सल्लाह, प्रतिकृया, समर्थन तथा गुनासो प्रकट गर्ने माध्यमको रुपमा गाउँपालका अध्यक्ष सँग प्रत्येक महिनाको मसान्तमा "हेल्लो बडिगाड" सेवाको सुरुवात गरिनेछ ।
- गाउँकार्यापालिकाको बैठकलाई समेत प्रत्येक वडामा घुम्ती रुपमा बैठक बस्ने व्यवस्था मिलाईनेछ ।
- नागरिकको स्वास्थ्य र उपभोक्ताहरुको हितलाई मध्यनजर गर्दै गाउँपालिका भित्रका बजारहरुको अनुगमनलाई निरन्तरत्ता दिईनेछ जसका लागी सरोकारवाला निकायहरुसँग समेत समन्वय गरिनेछ ।
- दिर्घकालिन महत्वका योजनाहरु तथा संघिय एवम् प्रदेश सरकारबाट संचालित योजनाहरुको अनुगमनमा स्थानिय राजनितिक दलहरु तथा पत्रकारहरुलाई समेत योजना अनुगमनमा लैजाने र आवाश्यक पृष्ठपोषण प्राप्त तर्ने नितिको अवलम्बन गरिनेछ ।
- योजनाहरुको अनुगमन तथा मुल्याङ्कनलाई थप प्रभावकारी बस्तुनिष्ठ र बैज्ञानिक बनाउनका लागी निश्चित मापद्ण्ड बनाई अगाडी बढिनेछ । जसमा पाँच लाख भन्दा कम रकमका योजनाहरु वडा कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।
- "जहाँ विपद त्यहाँ स्थानिय सरकार" भन्ने नारालाई आत्मासाथ गर्दै "गाउँपालिका अध्यक्ष प्रकोप व्यवस्थापन कोष" को स्थापना गरि आवाश्यक कार्यविधि निर्माण गरी अगाडि बढिनेछ ।
- **गाउँपालिकाको समग्र विकासका लागी संघिय सरकार तथा प्रदेश सरकार सँग समन्वय गरी अगाडी बढिनेछ भने संघिय तथा प्रदेश सरकार लगाय अन्य कुनै संघसंस्थाले बडिगाड गाउँपालिका भित्र विकास निर्माण देखी लियर अन्य विभिन्न कार्यक्रमहरु संचालन गर्ने क्रमममा अनिवार्य रुपमा गाउँपालिका सँग समन्वय गरी अनुमती लिएर मात्र गर्नुपर्नेछ । अन्यथा कार्यक्रमहरु संचालन गर्न नदिने नितिको अवलम्बन गरिनेछ ।**
- बडिगाड गाउँपालिका भित्रका योजनाको दिगो संरक्षण र नियमित उपभोगमा सहयोग पुर्याउनु **"आयोजना सुरक्षा कोष"** स्थापना गरिनेछ । जसमा आयोजना संचालन खर्चबाट प्राप्त रकमको ५ प्रतिशत सुरक्षा कोषमा अनिवार्य राख्ने व्यवस्था मिलाईनेछ ।

## ख. आर्थिक विकास

## ख.१. पशु विकास

बडिगाड गाउँपालिकाका धेरै परिवारको मुख्य पेशा कृषि तथा पशुपालन हो । यस गाउँपालिकामा पशुपालनको प्रचुर मात्रामा सम्भावना रहेको छ । परम्परागत पशुपन्छीपालन प्रणालीलाई व्यवसायिक गराई पशुपन्छीजन्य उत्पादनको वृदी गरि दिगो अर्थीक तथा सामाजिक विकासमा योगदान पुर्याइ अयात कम गरि रोजगारी सृजना गर्नु प्रमुख उदेश्यका साथ यो निती तथा कार्यक्रम लिइएको छ ।

- परम्परागत र निर्बाहमुखी पशुपन्छीपालन व्यवसायलाई व्यवसायिक बनाइनेछ ।
- पशुपन्छी पालन क्षेत्रको विकासका लागि यान्त्रीकरण व्वसायीकरणा र बजारीकरणमा निरन्तरता दिइनेछ । ,
- पशुपन्छीलाई महामारी रोगबाट बचाउनका लागि नियमित रुपमा निशुल्क खोपको व्यवस्था गरिनेछ र पुर्ण खोप कार्यक्रम सन्चालन गरिनेछ ।
- पशु सेवा शाखा र सेवाकेन्द्रको पहुँच भन्दा टाढाको क्षेत्रमा निशुल्क पशु स्वास्थ्य शिविर सन्चालन गरिनेछ ।
- पशुपक्षीको नश्ल सुधारका लागि कृत्रिम गर्भधान सेवालाई निरन्तरता र बिस्तार गरिनेछ ।
- पशुपन्छी बिमा प्रिमियमा दिईने सहुलियतलाई निरन्तरता दिईनेछ ।
- उत्पादनका अधारमा अनुदान कार्यक्रम सन्चालन गरिनेछ ।
- व्यवसायिक घाँस खेतीमा आधारीत पशुपालनलाई निरन्तरता दिईनेछ ।
- कृषकलाई सहुलियतपुर्ण रिन तथा अनुदान उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- कृषकको क्षमता अभिवृदिका लागि तालिमको व्यवस्था मिलाइनेछ ।
- ससर्त लगाएतका कार्यक्रम व्यवस्थीत रुपमा सन्चालन गरिनेछ ।
- पशुपन्छी पालन सँग सम्बन्धीत फर्म, समुह तथा सहकारीहरुको नियमित रुपमा दर्ता, नविकरण तथा अभिलेखिकरण गरिनेछ।
- बडिगाड गाउँपालिकालाई पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर गराउनका लागि कार्यक्रम सन्चालन गरिनेछ ।
- बडिगाड गाउँपालिका भित्र सन्चालित मासु पसल र डेरी पसलहरुको सुधार र व्यवस्थीत गरिनेछ ।
- माछापालनको सम्भावता अध्ययन गरि कार्यक्रम सन्चालन गरिनेछ ।

## ख.२. कृषि विकास

बडिगाडको अर्थतन्त्र मुख्य गरी कृषिमा निर्भर छ । यस गाउपालिकामा खाद्ध्यान्न बाली,तरकारीबाली,फलफुल,मौरीपालन,च्याउ खेती लगायतको अथाह सम्भावना छ तर परम्परागत खेति प्रणाली, खण्डिकृत जग्गा, व्यवसायीक भन्दा साना किसानको सङ्ख्या धेरै, सिचाईको अभाव, वजारको संरचना नहुदा कृषिमा आसातित सफलता हासिल गर्न सकियको छैन । खाद्ध्यान बालीहरुमा मूख्यगरी मकै, धान र गहुँ, कोदो आदी बालीहरु,तरकारी बालीहरुमा न्युन मात्रामा तथा करेसाबारीमा तथा आफ्नो उपयोगको लागी मात्र उत्पादन भैरहेको छ । भौगोलिक क्षेत्र अनुसार विभिन्न प्रकारका फलफुलको सम्भावना भए पनी व्यवसायीक उत्पादन भैरहेको छ । तेलहन,दलहन बाली लगायत कृषि उत्पादन कम हुँदा विभिन्न खाद्ध्यान,तेल,तरकारी,फलफुल लगायत अन्य कृषि वस्तु आयात हुदै आइरहेको छन ।बडिगाड गाउपालीकाको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रको रुपान्तरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धी र रोजगारी सिर्जना गर्न निर्यात प्रवर्द्धन र आयत प्रतीस्थापन गर्न बडिगाडलाई आत्मानिर्भर बनाउन र निरपेक्ष गरिबी निवारण गर्न देहायका नितिगत सोचका आघारमा आगामी आर्थिक बर्षमा कार्यक्रम संचालन गरिनेछ।

- बडिगाड गाउपालिकाको कृषि क्षेत्रको विकासको लागी कृषिको आघुनिकिकरण,यान्त्रीकरण,ब्यवसायिकरण तथा कृषि उपजको बजारीकरणमा विशेष जोड दिइने छ ।

- बडिगाड गाउँपालिकामा कृषिमा आत्मनिर्भर बनाउन आवश्यक खाद्यान्न बिऊ उत्पादन क्षेत्र, ताजा तरकारी उत्पादन क्षेत्रआधुनिक फलफुल नर्सरी ,मौरी सामाग्री स्रोत केन्द्र, आलु बिऊ उत्पादन क्षेत्र, च्याउ उत्पादन तथा फुल उत्पादन क्षेत्र निर्माण गरिनेछ।
- कृषि उपजलाई खरिद गरि बजार ब्यवस्थापन कार्यलाई पहिलो प्राथामिकतामा राखिनेछ । स्थानिय बजारमा कृषि उपज संकलन केन्द्र तथा हाटबजारको ब्यबस्था गरिनेछ । पालिकाबाट मासिक रुपमा कृषि उत्पादनको न्युनतम समर्थन मुल्य तथा खरिद बिक्री मुल्य तोकिनेछ ।
- परम्परा तरकारी खेती जस्तै: न्युरो, जलुका, भँडे, वाँको, ढकाय, च्याउ, खोलेसाग लाई संरक्षण तथा उपभोगमा जोड दिईनेछ ।
- किसानहरुको गुनासो तथा समस्या व्यवस्थापनका लागी आवाश्यक कर्मचारी सहित **"कृषक कल सेन्टर"** को स्थापना गरिनेछ ।
- सामुहिक खेति प्रणाली तथा सहकारी खेती प्रणालीलाई जोड दिइनेछ । यस बर्ष समुहको संख्यालाई दोब्बर बृद्धी गरिनेछ । स्थान बिशेष साना पालिका पकेट स्थापना गरिनेछ ।
- धेरै आयत हुने चामल तेलको आयत कम गर्ने, धान उत्पादन हुने क्षेत्रमा ,बर्षे धान र चैते धान दुवै मौसममा खेती तथा उन्नत बीउको प्रयोग मार्फत आयतलाई कम गरिनेछ। तेलको आयात कम गर्न तोरि तथा सुर्यमुखी उत्पादन वृद्धी तथा क्षेत्र वृद्धी गर्न तेलहन बाली प्रबर्धन कार्यक्रम संचालन गरिनेछ।
- कृषकहरुलाई सरल सहज रुपमा बिऊ, मल, प्रबिधि र सिंचाई सुबिधा उपलब्ध गराईनेछ । मौसममा आवश्यक मुख्य खाध्यान्न तथा तरकारीको बिउमा अनुदान उपलब्ध गराईनेछ।
- अनुदानको रसायनिक मल बितरण प्रणालीलाई सुधार गरिनेछ । मलको मात्रा वृद्धी गरिनेछ, पालिकाको कम्तिमा ५ स्थानबाट मल बितरण हुनेछ, मल वितरणको सुरुवातमै मुल्य निर्धारण गरि सुलभ सहज रुपमा रसायनिक मलमा किसानको पहुच पुर्याइनेछ।
- बडिगाड गाउँपालिकाको विभिन्न भागमा उत्पादन हुने भाँगो खेतीलाई नगदे वालीको रुपमा विकास गरी संघिय तथा प्रदेश सरकार सँग समेत समन्वय गरी भाँगो खेतीको उत्पादनमा विशेष जोड दिईनेछ ।
- बढ्दै गैरहेको बाझों जमिन न्युनिकरण गर्न वाझों जमिन भाडामा खेती गर्न चाहाने कृषकलाई प्रोत्साहन गरिनेछ। पहिचान गरिएका बाझो जमिनमा पालिकाले रैथाने बालिहरुको खेति गर्ने छ। मापदण्ड बनाई करार र सामुहिक खेती गर्न उपयोग गरिनेछ।
- जलवायुमैत्री कृषिकको अवधारणा अनुसार कृषि क्रियाकलापहरु हुनेछन। वातावरणमा क्षयिकरण नहुने तथा ढिलो हुने बिषादिलाई पुर्ण वन्देज लगाइने छ । करेसाबारी हुने बिषादिहरुको प्रयोगलाई कम गर्दै लगिनेछ । व्यबसायिक बाली तथा खाध्यान्न बालिमा प्रयोग गर्नै परे अनुगमन पछि सुरक्षित बिषादि तथा जैविक को पद्धत्तीको प्रयोग गरिनेछ । रसायन बिना रोग किरा ब्यबस्थापन वारे क्षमता अभिवृद्धी कार्यक्रम तथा उत्पादन वृद्धी कार्यक्रम संचालन गरिनेछ।
- पालिकालाई पोषणमैत्री बनाउन प्रत्येक टोलमा अगुवा कृषक बनाई सामुदायिक नर्सरी स्थापना गरिनेछ र प्रत्येक कृषक परिवारलाई तरकारी वेर्ना उपल्ब्ध गराउने व्यबस्था गरिनेछ। विधालयको आसपासमा तरकारी उत्पादनमा प्रोत्साहन गरिनेछ। विधलायमा करेशावारी निर्माणका लागी आवाश्यक कार्यक्रम संचालन गरिनेछ भने रैथाने बालि उत्पादन उपलब्ध गराई बिध्यालयलाई JUNK FOOD मुक्त बनाउन सहयोग गरिनेछ।
- फलफुल खेती क्षेत्र वृद्धी तथा उत्पादन लागी बिशेष कार्यक्रम संचालन गरिनेछ। सुन्तलाजात ,किवि, स्याउ,ओखर, आदि फलफुललाई विशेष जोड दिई कार्यक्रमहरु संचालन हुनेछन् ।
- अनुदानलाई उत्पादनमा आधारित बनाइनेछ । बीउ यान्त्रिकिकरण कृषि ऋण विमा बाहेक अन्यमा दिइने अनुदानलाई व्यवस्थित पारदर्शी बनाउन मापदण्ड र कार्यविधी तर्जुमा गरी कार्यान्वनमा ल्याइनेछ ।

- किसान सुचिकरण मार्फत कृषकको तथ्याङक संकलन तथा अन्लाइन गरि राज्यले दिने सेवा अन्लाइन रेकर्ड राख्ने तथा किसान वर्गिकरण तथा किसान परिचय पत्र वितरण गर्ने कार्य गरिनेछ ।
- माटो जाँच तथा उपचार सिविर संचालन गरी माटो अवस्थालाई उत्पादनमुखी बनाइने छ । बाली उपचार सिविर संचालन गरिनेछ ।
- कृषिमा भैपरी आउने प्राकृतिक प्रकोप तथा कृषिमा भित्रिन सक्ने रोग, किरा तथा महामारी तथा बालीमा नालीमा हानी पुर्याउने बाँदर,दुम्सी,मृग को क्षति कम गर्न कृषि अनुसन्धानबाट पता लगेका प्रविधिको परिक्षण तथा प्रयोगमा गरिने छ ।
- कृषकलाई कृषि ऋणमा ब्याजमा अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- किसानकको बाली बिमाको प्रिमियममा थप अनुदान उपलब्ध गराइनेछ ।
- साना सिचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार गरी सिंचित क्षेत्रफल वृदि गरिने छ ।
- भैरहेको वस्तुको नाश गरी अर्को वस्तुको आशा गर्नुभन्दा भइरहेको वस्तुको महत्व बुझेर उपभोग गर्ने वातावरण बनाउन रैथाने वाली संरक्षणमा विशेष ध्यान दिईनेछ ।
- स्थानिय उपज वृद्धी गर्न कृषकलाइ कृषि पेशामा उत्साहित गर्न बडिगाड उत्कृष्ट कृषक पुरस्कारको व्यबस्था गरिनेछ ।

### ख.३. राजश्व अभिबृदि

- आन्तरिक राजश्व अभिवृद्धिका लागि राजश्वका दरहरु आगामी आ.ब. हेरफेर गरी नयाँ रजश्व संकलनका शिर्षक पहिचान गरी राजश्वका दायरा बृद्धि गरिनेछ । राजश्व अभिबृदि योजनालाई प्रभावकारिताका साथ कार्यान्वयन गरिनेछ ।
- सम्पूर्ण वडाहरुमा अभियानकै रुपमा करदात्ता शिक्षा संचालन गरिनेछ ।
- "राजश्व योगदानको आधारमा बजेट बृदि" भन्ने नारका साथ बढि राजश्व संकलन गर्ने भुगोललाई योजना प्रदान गर्ने परिपाटिको व्यवस्था मिलाईनेछ ।
- राजश्व शाखालाई थप व्यवस्थित एवम् प्रभावकारी बनाईनेछ भने सबैभन्दा बढी र नियमित राजश्व तिर्ने करदात्तालाई सम्मान गरिनेछ ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पार्दशि बनाउनका लागी १० वटै वडा कार्यालयबाट SUTRA सफ्टवयर मार्फत राजश्व संकलन गरिनेछ भने कर्मचारीहरुलाई क्षमत्ता विकास सम्बन्धी तालिम संचालन गरिनेछ ।
- राजश्व सम्बन्धी मासिक तथा चौमासिक रुपमा प्रतिवनेद तयार पारी गार्यपालिकामा पेश गरीनेछ ।
- आवाश्यकत्ता अनुसार राजश्व संकलन शिविर संचालन गरिनेछ ।
- प्राकृतिक श्रोत उपलब्ध हुने प्रभावित क्षेत्रको बिकासका लागि थप स्रोतको व्यवस्था गरिनेछ ।
- नागरिकहरुले बुझाएको राजश्वको अभिलेख वडा तहमै व्यवस्थित रुपमा अभिलेखिकरण गरिनेछ ।

### ख.४. पर्यटन तथा संस्कृति

- बडिगाड गाउँपालिकालाई पर्यटकिय गाउँपालिकाको रुपमा विकास गर्नका लागी केही महत्वपूर्ण पर्यटकीय स्थलहरुको सम्भाव्यत्ताको अध्ययन गरी पाइलटि पर्टकीय प्रोजेक्टको रुपमा सुरुवात गरिनेछ ।
- गाउँपालिकाको धार्मिक एवम् ऐतिहाँसिक मठमन्दिरहरुको संरक्षाण गरीनेछ ।

- हाम्रा मौलिक पहिचान, सामाजिक सदभाव र संस्कृति संरक्षणका विशेष अभियान संचालन गरिनेछ । यसका लागी गाउँपालिका भित्रका विविध जात-जाति, भाषा, कला र सांस्कृतिक संरक्षाण र सम्बर्दनका लागी अध्ययन तथा अनुसन्धान गरीनेछ ।
- गाउँपालिका र निजी क्षेत्रको सहकार्य तथा नेपाल सरकार र प्रदेश सरकारको समेत साझेदारीमा कृषि पर्यटन, पर्यापर्यटन, स्वास्थ्य पर्यटन, शैक्षिक पर्यटन, खेल तथा साहसिक पर्यटन लगायत पर्यटन विकासका गतिविधिलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।
- **"हामिले बगैचाको सपना वाँड्ने हो, बगैचे विरुवा बाँड्ने होईन"** भन्ने मान्यत्तालाई आत्मसाथ गर्दै विना पैसाले हुने विकासको सुचि बनाउने सोचाईको विकास गराउँदै नागरिकलाई पर्यटन पूर्वाधार विकासमा प्रेरित गरिनेछ ।
- पर्यटन व्यवसायिको विकासका लागी गाउँपालिकाको एक स्थानमा परम्परागत सिपमा आधारित नमुना जनजाती वस्ति स्थापना गरिनेछ भने अन्य संघसंस्थाहरु संगको सहकार्यमा **"स्मार्ट भेलेज"** कार्यक्रमलाई अगाडि बढाईनेछ ।

## ख.५. सहकारी नियमन र प्रवद्रन

- गाउँपालिका भित्रका सबै सहकारी संघसंस्थाको नियमन तथा अनुगमनलाई थप प्रभावकारी एवम् व्यवस्थित बनाईनेछ ।
- अहिलेको अवस्थामा सहकरी प्रती आम नागरीको धारणा र गुनासो साथै सहकारीहरुले जनाताको सेयर लगानी र बचतको ग्यारेन्टि गर्न नसकिरहेको अवस्थामा गाउँपालिका मार्फत छलफल तथा अन्तरकृया कार्यक्रमहरु गरी व्यवस्थित गरिनेछ ।
- सहकारी शिक्षा अभियान बनाई वडा तहमा तालिम दिईनेछ ।
- गाउँपालिका भित्र संचालनमा रहेका सम्पूर्ण सहकारीहरुलाई एकताबद्द बनाई **"पालिका स्तरीय सहकारी संजाल"** गठन गरी सहकारी अभियानलाई थप प्रभावकारी बनाईनेछ ।
- नेपाल बचत तथा कृण केन्द्रिय सहकारी संघ लिमिटेडको साझेदारीमा आधारशिला कार्यक्रम संचालन गरि सबै उदेश्यका सहकारी संस्थाहरुको क्षमत्ता अभिवृद्धि गरिनेछ ।
- एकिकरणमा जान चाहाने सहकारीहरुलाई उचित वातावरण सिर्जना गर्नुका साथै प्रोत्साहित गरिनेछ ।
- सहकारी संस्थाहरुको नियमन दर्ता र संचालन प्रकृयालाई सघाउ पुर्याउन पालिका स्तरिय **"सहकारी परिचालन समिति"** गठन गरिनेछ ।
- वातावरणमैत्री नमुना गाउँको कार्यविधि तयार पारी गैर सरकारी र सहकारी संघसंस्थाको साझेदारीमा वातावरणमैत्री नमुना गाउँ स्थापना प्रकृयालाई अगाडि बढाईनेछ ।

## ख.६. युवा रोजगार तथा स्वरोजगार

- नेपालको संविधानमा ब्यवस्था भएको रोजगारीको हकलाई प्रभावकारी कार्यान्वयन गर्नका लागी र रोजागरीका लागी बैदेशिक पलायन न्युनिकरणका लागि **"गाउँपालिका अध्यक्ष स्वरोजगार कार्यक्रम"** संचालन गरिनेछ जसका लागी आवाश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

- बेरोजगार दर्ता कार्यक्रम महाअभियानको रुपमा संचान गरी अभिमुखीकरण तथा क्षमत्ता अभिवृद्धी कार्यकक्रम संचालन गरिनेछ ।
- कामदारहरुका लागि सुरक्षा सामाग्री तथा निर्माण सामाग्रीको व्यवस्था गरिनेछ ।
- रोजगार दात्ता र बेरोजगार विचको रोजागर मिलानका लागी **"रोजगार संवाद मञ्च"** गठन गरी समितिलाई चलायमान बनाईनेछ ।
- बैदेशिक रोगारीमा जाने नागरीकहरुका लागी श्रम स्विकृती पत्र गाउँपालिकाबाटै उपलब्ध बनाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- स्वरोजगार यूवाले उत्पादन गरेको वस्तुलाई स्थानिय बजारका पसलमा एक स्थानिय उत्पादनलाई अनिवार्य विक्रि गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।
- "अध्यक्ष उधम विकास कार्यक्रम" मार्फत युवा रोजगार तथा स्वरोजगारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- बैंक तथा वित्तिय संस्थाहरुसँगको समन्वयमा सुलभ कर्जा प्रवाहको व्यवस्था मिलाईनेछ ।
- बडिगाड गाउँपालिकामा लघुउधम विकास कार्यक्रम अन्तर्गत रहेका ढाका उधोग, दुनाटपरी उधोग, चिउरी सावुन उधोग, चप्पल उधोग डलकुशन उधोग अगरवत्ति उधोग र अचार उधोग लगायत सम्भावित स्थानिय उधोगहरुलाई व्यवस्थित बनाई रोजगारी सिर्जना गरिनेछ ।
- युवा स्वरोजगार कार्यक्रमका लागी नेपाल सरकार प्रदेश सरकार तथा विभिन्न संघसंस्थाहरु सँग सझेदारी गरी अगाडि बढिनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजना गर्ने कार्यलाई थप व्यवस्थित पार्न गाउँपालिकाले साझेदारी गर्ने र त्यसमा स्वरोजगार हुने नागरिकको संख्यामा बृद्धि गरी श्रम सहकारी मार्फत **"आत्मनिर्भर नागरिक"** बनाईनेछ ।
- उधमीहरुलाई सक्षम, सुदृढ र व्यवसायिक बनाउनका लागी आवाश्यकता पहिचान गरि स्तरोन्नति कार्यक्रम संचालन गरिनेछ ।
- बडिगाड गाउँपालिकामा सिप विकास तालिम संचालन गर्नुपूर्व उधमशिलता विकास तालिम संचालन गरी आम नागरीकहरुलाई उधमी एवम् स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।
- उधमीहरुले उत्पानद गरेको सामाग्री विक्री वितरण गर्न तथा अन्य व्यक्तिहरुलाई उत्पादन उन्मुख बनाउन गाउँपालिकामाक रहेको कोशेली घरलाई थप व्यवस्थित बनाई विक्री गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाभित्र उत्पादित लोकल मदिरालाई ब्रान्ड गरी संघिय तथा प्रदेश सरकारसँग परामर्श गरी कानुनी रुपमा वेच्ने व्यवस्था मिलाउने उदेश्यका साथ यस बडिगाड गाउँपालिका वडा.न.६ को घ्वाङको जनजाती वस्तीबाट पाईलटिङको रुपमा सुरुवात गरिनेछ ।
- गाउँपालिका भित्रका क्षेत्रमा सम्भावित ढुङ्गा खानीहरुको अध्ययन गरी बैधानीक रुपमा उधोग संचालन गरी युवाहरुलाई रोजगार प्रदान गरिनेछ ।
- भुगर्विधहरु संग परामर्श गरी ढुङ्गा खानीहरुलाई बैधानिकत्ता दिनका लागी आवाश्यक सहयोग गरिनेछ ।

## ग.सामागजिक विकास

### ग.१.शिक्षा तथा खेलकुद

व्यक्ति समाज र राष्ट्रको परिर्वतन गरि विकासमा टेवा पुराउने माध्याम नै शिक्षा हो । नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धि अधिकार उल्लेख गरिएको छ । तिनै उल्लेखित अधिकारहरुलाई कार्यन्वयन गर्न स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा २३ वटा शिक्षा सम्बन्धि अधिकार स्थानिय तहलाई प्रदान गरिएको छ । जसमा माध्यामिक तहसम्मको शैक्षिक व्याबस्थापनको अधिकार स्थानिय तहलाई छ । यस बडिगाड गाउँपालिकामा भौगोलिक विकटता,छरिएर रहेको बस्ती,सामाजिक जटिलता,रहेको छ । तरपनि यी सबैकुरालाई मध्यनजर र नजिकबाट निहालि सम्बोधन गदै निःशुल्क र सर्वसुलभ शिक्षाको पहुँच सबैमाझ पुराउन नितान्त अपरिहार्य छ । अर्को तर्फ बडिगाड गाउँपालिकाका अधिकांश व्याक्तिको जीवन धान्ने आधार भनेको परम्परागत खेतिपाति र पशुपालननै हो तसर्थ विधालय तह देखि नै आधुनिक र वैज्ञानिक कृषि प्रणालीको ज्ञान विधार्थीलाई दिन सकिएन भने समृद्ध बडिगाड गाउँपालिकाको परिकल्पना गर्न सकिदैन । तसर्थ "शिक्षामा लगानि समृद्धिको आधार व्यावाहारिक शिक्षामार्फत जीवन स्थिति सुधार" भन्ने जीवनपर्यन्त शैक्षिक नारा तय गरि आर्थीक वर्ष २०८००/८१ को बडिगाड गाउँपालिकाको शिक्षा निति, कार्यक्रम तथा बजेट निम्न बमोजिम तयार पारिएको छ ।

- "बालबालिकालाई विद्यालय झिकाऔ, टिकाऔ र सिकाऔ" भन्ने मुल वाक्यका साथ प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा बालबालिको भर्ना अनिवार्य गर्न सञ्चालनमा रहेका बालविकास केन्द्रलाई निरन्तरता दिदै यसै वर्ष देखि गाउँपालिकाबाट सहजकर्ताको पारिश्रमिक प्रदान गर्ने गरी आवश्यकता अनुसार बालविकास केन्द्र स्थापना गरिने छ ।
- "हाम्रो पालिका हाम्रो गाउँ सबै बालबालिका विद्यालय पुराऔ" शिक्षाको उज्यालो घामबाट कोहि पनि बालबालिका बञ्चित हुन नपरोस भन्ने मुख्य उद्देश्यका साथ निःशुल्क सहज र सर्वशुलभ शिक्षा प्रदान गर्नका लागी आवश्यकता अनुसार विद्यालयमा गाउँपालिका करार शिक्षकको व्यवस्था गरिनेछ ।
- "जहाँ विद्यार्थी त्यहाँ शिक्षक" अभियान लाई प्रभावकारी बनाउन विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान,विद्यालयलाई समायोजन, कक्षा स्थगन र कक्षा घटाउने निति अवलम्बन गरिने छ ।
- "प्रविधियुक्त शिक्षा, बालमैत्री शिक्षा, गुणस्तरिय शिक्षा, विद्यालयको भौतिक पूर्वधार बडिगाड गाउँपालिकाका शिक्षा विकासका चार आधार" भन्ने आर्दश वाक्यलाई आत्मसाथ गदै यसै आर्थीक वर्ष देखी विद्यालयलाई प्रविधियुक्त बनाउन विद्यालयमा इन्टरनेटको पहँुच विस्तार,विद्यालयमा कम्प्युटर लगाएतका उपकरणको व्यवस्था,बालविकास सहजकर्तालाई बालमनोविज्ञान सम्बन्धि तालिम,शिक्षकको क्षमता विकासका लागी शिक्षक पेशागत तालिम, कम्प्युटर शिक्षक र विद्यालय लेखा कर्मचारी लाई विद्यालय प्रशासन सम्बन्धि तालिम र विद्यालयलाई भौतिक पूर्वाधार सम्पन्न बनाउदै लगिने छ ।
- ऋयखष्म(ज्ञढ जस्ता महामारी र विषम परिस्थितिको बेला पनि शैक्षिक गतिमा क्षति नपुगोस भन्ने अभिप्रायले वैकल्पीक माध्यमबाट सिकाई सहजीकरण गरी विद्यार्थीको सिकाइलाई निरन्तरता दिइने छ ।
- विभिन्न दिवश तथा शैक्षिक अवसरहरुमा अन्तर विद्यालयगत प्रतियोगिताहरु सञ्चालन गरिने छ ।
- "विद्यालय विकास मेरो प्रतिबद्धता सक्रिय सहभागीता र पारर्दशिता " भन्ने मुल वाक्यलाई आत्मसाथ गदै विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यलाई प्रभावकारी बनाउन यसै आर्थीक वर्ष देखी सम्पूर्ण विद्यालय प्रधानाध्यापक प्रोस्साहन कार्यक्रम सञ्चालन गरिने छ ।
- आधारभुत तह उर्तिण परिक्षामा ५० % विद्यार्थी उर्तिण गराउन नसक्ने विषयगत शिक्षकलाई पहिलो पटक त्यस्तो भए चेतावनी दिने त्यस पछि पनि त्यस्तै भए ऋमश तलब घटाउने वा रोक्का गर्ने निति अवलम्बन गरिने छ ।
- गाउँपालिकालाई बालमैत्री गाउपालिका घोषणा गर्न यस पालिका भित्रका सम्पुर्ण वालवालिकाहरुलाई वालमैत्री पालिका घोषणाका सुचक बमोजिमका न्युनतम सेवा, सुविधा र संरक्षणको कार्यक्रम सञ्चालन गरिने छ ।

- शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै शिक्षा प्रशासनलाई व्यवस्थित गर्नका लागि बडिगाड गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली, २०७९ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- विद्यालय शिक्षालाई केबल कक्षा चढने र चढाउने मात्र नभई यसलाई श्रम र उत्पादन संग जोडी जीवन उपयोगी र व्यवाहारीक बनाउन विद्यार्थीलाई स्थानिय विषयवस्तुको ज्ञान दिलाउन स्थानिय पाठ्यक्रम कार्यान्वयन,स्थानिय विषयको पाठ्यपुस्तक,सन्दर्भ सामग्री निर्माण र विकास गरी यसै शैक्षिक शत्रबाट कक्षा १,२,३ र ८ मा पठन पाठन गरिने छ ।
- "विद्यार्थी प्रतिभा पहिचान खोजी र सम्मान" भन्ने मुल सिद्धान्तका साथ गाउँपालिकामा विभिन्न प्रतियोगिता सञ्चालन गरिने छ ।
- सबै सामुदायीक विद्यालयलाई JUNK FOOD निषेधित क्षेत्र घोषणा गरी कक्षा ६ सम्मका बालबालिकालाई विद्यालयमै दिवाखाजाको व्यवस्था गर्न "एक विद्यालय एक क्यान्टिन" र कक्षा ६ भन्दा माथीका बालबालिकालाई "एक विद्यार्थी एक हटकेश" कार्यक्रम सञ्चालन गरिनेछ भने कक्षाक कोठामा खाजा कर्नर स्थापना गरिनेछ ।
- कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरु विधालयमा निरन्तर गरी उनिहरुको पठनपाठनमा सहजता ल्याउनका लागी सेनिटरी प्याडको व्यवस्था गरिने छ ।
- बडिगाड गाउँपालिका अन्तर्गतका विद्यालयमा नेपाल सरकार द्धारा स्वीकृत शिक्षक दरबन्दीमा यसै गाउँपालिका भित्रका शिक्षक नियुक्ति गरी पठन पाठन गर्न पाइयोस भन्ने लक्ष्यका साथ शिक्षा सेवा आयोगले लिने परीक्षाका लागि" शिक्षक सेवा आयोग तथा अध्यापन अनुमति पत्र तयारी कक्षा" सञ्चालन गरिने छ ।
- "शिक्षण पेशा प्रति सम्मान र शिक्षक पहिचान" झल्काउन यस पालिका भित्रका प्रत्येक शिक्षकका लागी शिक्षक परिचय पत्र निर्माण गरि वितरण गरिने छ ।
- आधारभुत तहमा अध्ययनरत विद्यार्थीहरुको विषयगत ज्ञानको दायरा फाकिलो बनाउन विषयगत अनलाईन हाजिरजवाफ प्रतियोगिता सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्रका विद्यालयमा शिक्षण सिकाईमा एकरुपता ल्याउन तोकिएको पाठ तोकिएको समयमा शिक्षण गरी शिक्षण सिकाईमा एकरुपता ल्याउन शैक्षिक पात्रो निर्माण गरी सोही अनुरुप शिक्षण गर्ने व्यवस्था गरिने छ ।
- "हामी कहाँ छौ कहाँ पुग्ने हो र कसरी पुग्ने हो" भन्ने मार्ग चित्रलाई आत्म साथ गर्दै दिगो र दिर्घकालिन लक्ष्यका साथ गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिने छ । जस अन्तर्गत गाउँपालिकाको शैक्षिक प्रोफाइल खडा गर्ने शिक्षा योजना तय गर्ने शैक्षक डकुमेन्टरी निर्माण जस्ताकार्य गरिने छ ।
- विद्यालय अनुगमन,मुल्यांकन तथा सत्यापान कार्यविधि तयार गरि प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।
- आधारभुत तथा माध्यामिक निः शुल्क परिक्षा सञ्चालन, अन्तर विद्यालय केन्द्राध्यक्ष, उत्कृष्ट विद्यालय, उत्कृष्ट विषय शिक्षक उत्कृष्ट विद्यार्थी लाई पुरस्कृत गरिने कार्यक्रम कार्यान्वयन गरिने छ ।
- सामुदायीक विद्यालयको आन्तरिक स्रोतमा वृद्धि गर्न विद्यालयमा रु ५०००÷-भन्दा बढि वा सो वरावरको नगद वा जिन्शी सहयोग गर्ने चन्दादाता वा शिक्षा प्रेमी को सम्मानार्थ यस गाउँपालिका बाट सम्मानको व्यवस्था गरिने छ ।
- शिक्षण सेवामा आवद्ध भई यस गाउँपालिकालाई शैक्षिक योगदान पुराएर यस पालिका बाट बिदाई हुने तथा नया नियुक्ति लिएर आउने साथै सेवा अवकाश शिक्षकलाई सम्मानार्थ यस गाउँपालिका बाट सम्मानको व्यवस्था गरिने छ ।
- विद्यालयका शिक्षक,विद्यार्थी अभिभावकका वास्तविक समस्या नजिकबाट बुझन र उनिहरुका समस्या समधानका उपाएहरुको खोजि गर्न प्रत्येक विद्यालयमा "गाउँपालिका अध्यक्ष संग मेरा कुरा" कार्यक्रम सञ्चालन गरिने छ ।

- सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न ,शैक्षिक वातावरण निमार्ण गर्न , शैक्षिक विषयमा विविध छलफल गर्न विद्यालय व्यावस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँशिक्षा समिति को बैठक निरन्तर सञ्चालन गरिने छ ।
- विद्यालय प्रधानाध्यापक, वि.व्य.स., शिक्षक अभिभावक संघ, गाउँशिक्षा समिति पदाधिकारीहरु को लागी क्षमता विकास गोष्ठी तथा कार्यशाला सञ्चालन गरिने छ ।
- प्रत्येक विद्यालयको वास्तविक अवस्था बुझ्न र सिकाई अनुभव आदान प्रदान गर्न प्रत्येक महिना मासिक प्रधानाध्यापक बैठक सञ्चालन गरिने छ ।
- **"स्वास्थ्यका लागी खेलकुद राष्ट्रका लागी खेलकुद"** भन्ने नाराका साथ सञ्चालन गरिने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थित गर्न थप बजेट छुट्टाइने छ ।
- वर्षको २ पटक असल शिक्षक, असल विद्यार्थी असल अभिभावक, पहिचान गरि पुरस्कृत गरिने छ । जसका लागी कार्यविधि निमार्ण गरि कार्यन्वयन गरिने छ ।
- **"रमाइलो पढाई दिगो सिकाई"** कार्यक्रम सञ्चालन गरिने जसका लागी प्रत्येक विद्यालयको प्रत्येक कक्षामा बुक कर्नर स्थापना गरिने छ ।
- विद्यार्थीको पढन सिपको विकास, साहित्यीक सृजना अध्ययन र वाचन, शैक्षिक सामग्रीको निर्माण प्रर्दशन गर्न **"पढाई मेला"** कार्यक्रम आयोजना गरिने छ ।
- सबैभन्दा बढी समय विद्यालय उपस्थित हुने शिक्षक, कक्षामा सबै भन्दा बढी समय विताउने शिक्षक, अतिरिक्त क्रियाँकलाप सबै भन्दा बढि सक्रिय शिक्षक, सबै भन्दा बढी शिक्षण सामग्रीको प्रयोग गर्ने शिक्षकको मुल्याँकन विद्यार्थीबाटै गरि शिक्षकलाई पुरस्कृत गर्न "विद्यालयमा सबै शिक्षक एकै साथ शिक्षकको मुल्याँकन विद्यार्थीको हात" कार्यक्रम कार्यन्वयन गरिने छ ।
- सामुदायीक विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्न सामुदायीक विद्यालयका शिक्षक, विद्यालय कर्मचारी निजामति कर्मचारी, जनप्रतिनिधि तथा राज्यको स्रोत बाट पारिश्रमीक लिने सम्पूर्ण पदाधिकारीका छोराछोरी लाई सामुदायीक विद्यालयमा भर्ना गर्ने निति अवलम्बन गरिने छ ।
- विद्यालय प्रधानाध्यापक, शिक्षक,वि.व्य.स.पदाधिकारी लाई नमुना विद्यालयको अवलोकन गराइने छ ।
- विद्यालयमा अध्ययनरत विद्यार्थीले कम उमेर वा उमेर नपुग्दै विवाह गर्ने, तह पुरा नगरी कक्षा छोड्ने, विद्यालयमा निरन्तर नहुने तोकिएको गृहकार्य नगर्ने जस्ता समस्या समाधान गर्न विद्यालयगत रुपमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षण सिकाईलाई प्रभावकारी बनाउन सिकाई सामग्रीको विकास र प्रयोग गर्न शिक्षण सिकाई सामग्री तालिम प्रारम्भिक बालविकास देखी विद्यालय तहसम्मका शिक्षकहरुका लागी तालिम सञ्चालन गरिने छ ।
- शैक्षिक तथा सार्वजनिक कार्यक्रम सञ्चालन सिपको विकास गर्न विभिन्न तहका शिक्षकका लागी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने छ ।
- उच्च शैक्षिक उपलब्धि हासिल गर्ने विद्यालय प्र.अ.शिक्षक, विद्यार्थीलाई पुरस्कृत गरिने छ । र न्युन सिकाई उपलब्धि वृद्धि गर्न अनुदानको व्यवस्था गरिने छ ।
- शिक्षक र विद्यार्थीका लुकेर रहेका प्रतिभाको उजागर गर्न **"प्रतिभाको खोजी"** कार्यक्रम संचालन गरिने छ ।

- कोभिड—१९ जस्ता महामारीका कारण नियमित विद्यालयमा पठन पाठन हुन नसक्दा समयमै निर्धारित विषयवस्तुको पढन पाठन गर्न नसक्ने समस्याँको समधान गर्न विद्यालयलाई अतिरिक्त कक्षा सञ्चालन अनुदान रकमको व्यवस्था गरिने छ ।
- शैक्षिक सूचना तथा जानकारीलाई प्रभावकारी ढंगबाट कार्यन्वयन गर्न बडिगाड शिक्षा न्युज पोर्टल तयारी गरी आधुनिक र प्रभावकारी ढंगबाट सूचना संप्रेषण गरिने छ ।
- विषयगत शिक्षकको अनुभव आदान प्रदानका लागि विषयगत शिक्षक अनुभव आदान प्रदान कार्यशाला आयोजना गरिने छ ।
- माध्यमिक तहका विद्यार्थीका लागि योग शिक्षा कार्यक्रम कार्यन्वयन गरिने छ ।
- यस गाउँपालिका भित्र सञ्चालित प्रत्येक बालविकासमा बालविकास सिकाई पुस्तिका तथा सिकाईस ामग्री तयार गरी कार्यन्वयन गरिने छ ।
- विद्यालयमा अभिभावकको चासो वृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षा युवा तथा खेलकुद शाखालाई थप व्यवस्थित बनाई शाखाबाट सम्पादन हुने कार्यलाई छिटो छरिटो बनाइने छ ।

## ग.२. स्वास्थ्य

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यवाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँचलाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ ।नागरिकलाइ स्वस्थ बनाउन बडिगाड गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै सवैको स्वस्थ जीवन प्रत्याभूत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाइ पुरा गर्ने नीति लिइएको छ । साथै नेपालको स्वास्थ्य प्रणालि अनुसार स्वास्थ्य चौकी अथवा आधारभुत स्वास्थ्य सेवा केन्द्र पहिलो सेवा प्रदायक स्वास्थ्य संस्था हो । हाल बडिगाड गाउँपालिकामा आधारभुत अस्पताल १निर्माणिधिन, स्वास्थ्य चौकी ७, आधारभुत स्वास्थ्य सेवा केन्द्र ३, सामुदायिक स्वास्थ्य इकाई ६,प्रयोगशाला ४,नागरिक आरोग्य सेवा केन्द्र १, खोप किल्निक २४, गाउँघर किल्निक २३, र महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका १०३ रहेका छन । उल्लेखित स्वास्थ्य संस्थाहरुमा गुणस्तर सुधार गरी सेवाको पहुँच तथा उपभोगमा वृद्धि ल्याउनको लागि निम्न बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछ ।

- बडिगाड गाउँपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक,खोप क्लिनिक सेवाको पहुँच नपुगेको स्थानहरुमा एकिकृत ग्रामिण मोबाइल स्वास्थ्य सेवा कार्यक्रमहरु संचालन गरिनेछ ।
- गर्भवति महिलाहरुको लागी गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।
- प्रोटोकल अनुसार गर्भ जाँच एंव संस्थागत सुत्केरी प्रोत्साहन पोषण कोशेली कार्यक्रम तथा जटिलता भएका गर्भवति सुत्केरी र बिरामिहरुको लागी प्रेषण यातायात खर्चको व्यवस्था मिलाइने छ ।
- नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाई औषत आयु वढाइनेछ ।
- स्वास्थ्यका पुर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा सरकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई अगाडी बढाइनेछ ।
- स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवदर्दनात्मक सेवा, उपचारात्मक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु बनाइनेछ ।

- स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी गराइनेछ ।
- नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रवदर्दनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।
- नसर्ने रोगको न्युनिकरणका लागी स्किनिङ तथा निशुल्क स्वास्थ्य शिविर संचालन गरिने छ ।
- आँखा परिक्षण तथा आँखा रोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- आँखा अस्पताल संचालनका लागी आवश्यक प्रकृया अगाडी बढाईने छ।
- स्वास्थ्य सेवाको गुणस्तरको स्वमूल्याङ्कन गरी सेवाग्राहिको सुन्तुष्टीमा वृद्दि ल्याउने क्रियाकलाप संचालन गरिने छ ।
- न्युनतम सेवा मापदण्डबाट आएको मुल्यांकनलाइ आधार बनाइ स्वास्थ्य सेवाको गुणस्तर सुदृढिकरण कार्यक्रम ल्याइने छ ।
- प्रत्येक स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको सार्वजनिक सुनुवाई र सामाजिक लेखा परिक्षण अनिवार्य गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्र,ANC Tracing Board र स्वास्थ्य सुचाङ्क वोर्ड राखिने छ ।

## बाल स्वास्थ्य सम्वन्धि नीतिहरुः

- पुर्णखोप सुनिश्चितता , दिगोपना वडा तथा गा.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको समिक्षा गरिनेछ । साथै गा.पा.खोप दिवस मनाई पुर्ण खोपको अवस्थालाई सुनिश्चित रहेको घोषणा गरिनेछ ।
- खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।
- खोप केन्द्रहरुलाई व्यवस्थित तथा निर्माण गर्न बजेटको व्यवस्था र आवश्यक अनुसार खोप केन्द्रहरु थप गरिने छ ।
- कोल्ड चेन व्यवस्थापनको लागि चाहिने सामाग्री तथा स्थानको व्यवस्थापन मिलाईने छ ।
- पोषण शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- हरेक स्वास्थ्य संस्थामा पोषण कर्नर राखिनेछ र पोषीला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषीला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइने छ ।
- दुई महिना सम्मका बालबालिकाहरुको नियमित तौल अनुगमन गरि पोषणको लेखाजोखा गरिने छ ।
- पांच वर्ष मुनिका वच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी वनाइने छ ।

## परिवार स्वास्थ्य कार्यक्रम

- वर्षमा एक पटक स्वास्थ्य कार्यालय संग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर संचालन गरिनेछ ।
- नव विवाहीत दम्पतिहरुको पहिचान गरी आवश्यक साधन छनौटको लागि परामर्श प्रदान गरिनेछ ।
- सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ५ वटा साधन डिपो / पिल्स / कण्डम/ IUCD / इम्पलान्ट हरुको सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- सेवाग्राही मैत्री प.नि. सेवा प्रदान गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन यातायात खर्चको वितरण प्रणालीलाई चुस्त बनाइनेछ ।

## रोग नियन्त्रण कार्यक्रम

- समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ । महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाइ लागू गरिने छ ।
- सर्ने तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आर आर टि लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी अवस्थामा राखिने छ ।
- बडिगाड गाउँपालिका जनस्वास्वाथ्य समस्याको रुपमा देखिएको क्षयकुष्ठ रोगको लागी समय समयमा विभिन्न स्थानहरुमा जोखिम स्थानहरु पहिचान गरी  समुदायमा सक्रिय खोजपडताल परिक्षण शिविर संचालन गरिनेछ ।
- बडिगाड गाउँपालिका भित्रका सम्पुण स्वास्थ्य संस्थाहरुमा
- डट्स विधिवाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाउने छ । यसमा स्वास्थ्य कर्मीको निगरानीलाई बढाइनेछ ।
- जटिल प्रकारका क्षयरोगहरु (DR/SDR )लाई समयमै पहिचान तथा व्यवस्थापन को लागि उपल्लो निकायमा पहल गरिने छ।
- क्षयरोगिहरुको समयमै पहिचान गरी DOTS विधीलाइ प्रभावकारी बनाउनको लागी क्षयरोगका बिरामिहरुको लागी एकिकृत आवास केन्द्रको अवधारणा बनाइनेछ ।

## म.स्वा.स्वं.से. कार्यक्रम

- म.स्वा.स्वं.से. हरुलाई एक स्वयम सेविका एक First Aid Box र स्वयंमसेविका पहिचान वोर्ड वितरण कार्यक्रम ल्याइनेछ ।
- म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ ।
- वन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने, स्वास्थ्य आमा समुहलाई थप सुढ्ढीकरण गराउन म.स्वा.स्वं.से. हरुलाई थप उत्प्रेरित गरिनेछ ।
- सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि संचार गर्नको निम्ति विशेषत मातृ तथा वालस्वास्थ्य समन्वयका लागी मोवाईल स्वास्थ्य कार्यक्रम संचालान गरिनेछ ।
- ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका महिला स्वयंमसेविकाहरुलाई स-सम्मान विदाइ कार्यक्रम राखिने छ ।
- महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाहरुलाई दिवसको अवसरमा  स- सम्मान गर्ने व्यवस्था मिलाईने छ ।

## फोहोरमैलाको उचित व्यवस्थापन

- स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिइने छ । गा.पा.अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सरसफाइ हरेक महिनाको पहिलो हप्ता र अन्तिम हप्ताको शुक्रबार स्वास्थ्य संस्था वरिपरि नियमित सरसफाइ गरिने छ ।
- एक स्वास्थ्य संस्था एक बगैंचा निर्माण कार्यक्रम लागू गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

- नया संचालनमा आएका वर्थिङ सेन्टरहरुमा प्लासेन्टा पिट तथा फोहोर व्यवस्थापन गर्न  खाडलहरुको निर्माण र सुरक्षित खानेपानिको अनिवार्य व्यवस्था     गरिने छ ।

## स्वास्थ्य पुर्वाधार

- स्वास्थ्य सेवामा सर्वव्यापी पहुंच वृद्धि गर्नको लागि यस गा.पा.अन्तर्गतका वडा न ७ र ८ मा स्वास्थ्य संस्थाको भवनको लागी पहल गरिने छ र मापदण्ड बमोजिम नभएका स्वास्थ्य संस्थाहरुको स्तरवृदी गर्दै लगिने छ ।
- यसरी हरेक वडामा स्वास्थ्य संस्था स्थपना गर्दा पनि सेवाको मुलधारमा आउन नसकेका समुदायलाई आधारमूत स्वास्थ्य प्रदान गर्नको निम्ति स्थानिय स्रोतमा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरिने छ ।

## स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

- स्वास्थ्य संस्थाहरुवाट गरिने मासिक प्रतिवेदन पद्दतिलाई निरन्तरता दिइने छ
- म.स्वा.स्वं.से हरुको मासिक बैठक लाई प्रभावकारी वनाइने छ ।
- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक वैठक तथा समिक्षालाई निरन्तरता दिइने छ ।
- मासिक अनलाइन तथ्याङ्क प्रवेष्टीकरण को लागि आवश्यक पर्ने इन्टरनेट सेवालाई उपलब्ध गराइने छ ।
- स्वास्थ्य सेवाहरुको रेकर्डिङ तथा रिपोर्टिङको लागि आवश्यक पर्ने फाराम रजिष्टर छपाइमा लागि यथोचित वजेट व्यवस्थापन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थाहरुको तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दि वा तालिम गर्नका लागि स्वास्थ्य संस्था मै कोचिङको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरिने छ ।
- रेकडिङ रिपोटिङ कार्यमा संम्लग्न स्वास्थ्य कर्मिलाई DHIS२ को तालिमको लागि प्रवन्ध मिलाइने छ ।
- रेकडिङ रिपोटिङ कार्यलाई थप ब्यवस्थित गर्नका लागी सबै स्वास्थ्य संस्थाहरुमा  EHIRRS Software जडान गरिने छ।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दिको लागी Computer तालिको व्यबस्था मिलाइने छ ।

## सामाजिक सुरक्षा कार्यक्रम

- **"जनतासँग गाउँपालिका अध्यक्ष निशुल्क स्वास्थ्य विमा"** कार्यक्रमलाई थप  प्रभावकारी बनाइने छ ।
- विमितहरुको संख्या वृद्दि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु संचालन गरिनेछ भने विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ ।
- आर्थिक वर्ष २०८३/०८४ भित्र बडिगाड गाउँपालिकालाई **"पोषण मैत्री स्थानिय तह"** घोषणा गर्ने गरी पोषणका कार्यक्रमहरुलाई अगाडी बढानईनेछ ।

## स्वास्थ्य शिक्षा / व्यवहार

- समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि F.M. रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाह गरिनेछ ।
- स्थानीय स्तरमा हुने विशेष मेला तथा महोत्सवहरुमा स्वास्थ्य शिक्षा प्रवद्दर्दन गर्ने क्रियाकलापलाइ संचालन गरिनेछ ।

- स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा कर्नरको अनिवार्यता गरिने छ ।
- किशोर किशोरीहरु संग स्वास्थ्यकर्मीहरुको अन्तरकृया नियमित गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि वनाइने छ ।
- माध्यामिक शिक्षामा प्रजनन स्वास्थ्य निशुल्क औषधि तथा भण्डारण कार्यक्रमका विषयहरुको कक्षा स्वास्थ्यकर्मी वाटै गरिनेछ । यसका लागि स्वास्थ्यकर्मी लाई उत्प्रेरीत गरिनेछ ।
- समय समयमा स्वास्थ्यका विभिन्न विषयहरुमा सडक नाटक, दोहोरी गित, वक्तृत्वकला जस्ता प्रतियोगिता संचालन गरिने छ ।
- स्वास्थ्यका महत्वपुर्ण दिवसहरु म.स्वा.से दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, धुम्रपान विरुद्दको दिवस लाई अवसरको रुपमा मनाइने छ ।
- सुर्तिजन्य पदार्थको नियमन एन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिने छ, साथै यसका लागि वजार अनुगमनलाइ नियमित र प्रभावकारी गरिने छ ।
- किटजन्य रोग सम्बन्धी अनुशिक्षण तथा समुदाय स्तरमा सरसफाईका कार्यक्रम संचालन गरिने छ ।
- औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरुको भण्डारणको लागि भण्डारण कक्षलाइ थप ब्यवस्थित गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा तथा वर्थिङ सेन्टरहरुको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि उचित वजेट व्यवस्थापन गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ । निशुल्क औषधि खरीदका ससर्त वाहेक थप बजेटको ब्यवस्था मिलाईने छ ।

### जनसंख्या नीति

- विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्वन्धि परिसूचकहरुको प्रभावलाई मध्यनजर गरि नीति तय गरिनेछ ।
- मातृ र शिशु मृत्युदर घटाइनेछ ।

- जेष्ठ नागरिकको रेखदेख , उपचार को लागी जेष्ठ नागरिकको घरमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिने छ ।
- विद्यालय स्तरमा किशोर किशोरी साथि शिक्षा तथा यौन शिक्षा कार्यक्रम लागु गरिनेछ ।

### अन्य

- खानेपानी मुहान शुदृढीकरण तथा मुहानको संकलन केन्द्रको सुरक्षा गरी खानेपानीको गुणस्तर सुधार गरिने छ ।
- आवश्यकता अनुसार मासिक तथा त्रैमासिक रुपमा खानेपानीको गुणस्तर सुधारकमा लागि खा.पा. उपभोक्ता समितिलाई थप जवाफदेही वनाइने छ ।
- स्वास्थ्य क्षेत्र एक वहुआयामिक क्षेत्र भएको हुदा हरेक विषयगत नीतिहरुमा स्वास्थ्यका लक्ष्यहरु हासिल हुनसक्ने नीतिहरु अवलम्बन गरिने छ।
- स्वस्थ घर , स्वस्थ गांउ तथा स्वस्थ पालिका जस्ता अभियानहरु संचालन गरिनेछ ।

## ग.३. सामाजिक समावेशिकरण

- **"गाउँपालिका अध्यक्ष ज्येष्ठ नागरिकसँग"** कार्यक्रम अन्तर्गत सम्पूर्ण जेष्ठ नागरिकहरुलाई साहायत्ता सामाग्री वितरण गरिनेछ ।
- ज्येष्ठ नागरिक अनुभवका खानी बसालौं सम्मान गर्ने बानी भन्ने आदर्श वाक्यका साथ उहाँहरुले समाजमा गरेको योगदानको उच्च कदर गर्दै जेष्ठ नागरीक सम्मान कार्यक्रम गरिनेछ भने गाउँपालिकामा जेष्ठ नागरिक सभा गठन गरी उहाँहरुको अनुभवहरुलाइ गाउँपालिकाको विकासमा प्रयोग गरिनेछ ।
- विपन्न दलित समुदायको विकासको लागी शिक्षा स्वास्थ्य र रोजगारिमा विशेष प्राथमिकता दिइनेछ । उनिहरुको मौलिक एवम् परम्परागत सिपलाई व्यवसायिक बनाउन आवाश्यक व्यवस्था मिलाईनेछ ।
- दलित तथा पछाडि पारिएका वर्ग तथा समुदायलाई लक्षित गरी विभिन्न सशत्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- जातीय छुवाछुत विरुद्दको राष्ट्रिय दिवसको अवसरमा विभिन्न चेतनामूलक कार्यक्रम गरी छुवाछुतको कारण पहिचान गरी निराकरणको अभियान संचालन गरिनेछ ।
- महिलाको नेतृत्व तथा क्षमता विकासका लागी विभिन्न किसिमका सिपमूलक तालिम संचालन गरिनेछ ।
- गाउँपालिका अध्यक्ष सँग महिला दिदिबहिनि कार्यक्रम अन्तर्गत उपभोत्ता समितिको अध्यक्ष महिला भई योजनाको काम गरेको खण्डमा गाउँपालिका द्दरा सम्मान गरिनेछ ।
- एकल महिलाको पहिचान गरी उनिहरुलाई आत्मनिर्भर बनाउने खारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- आदीवासी जनजातिको परम्परागत संस्कृतिलाई संरक्षण गर्दै विधमान कुरितिहरुलाई निरुत्साहित गरिनेछ भने उनिहरुले मनाउने दिवशलाई उच्च महत्व दिईनेछ ।
- आदिवासी जनजाति आयोगबाट सिफारिस भई आएका नीति तथा कार्यक्रमको कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- वालविवाहा तथा वालरश्रममुत्त गाउँपालिका बनाउनका लागि आवाश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- आमा र बाबा पत्ता नलागेका अभिभावक विहिन बालवालिका तथा अति विपन्न परिवारका वालवालिकाहरुलाई आवसिय अध्ययनको व्यवस्था मिलाईनेछ ।
- वालविवाह गराउन सहयोग गर्ने र विवाह गर्ने दुवै पक्षलाई कानुन बमोजिम कार्वाही गरिनेछ ।
- बालबालिका माथि हुने हिंसा एवम् दुर्व्यवहार यौनजन्य शोषणजस्ता अपराधिक क्रियाकलापबाट बचाउन विशष कार्यक्रमहरु संचालन गरिनेछ ।
- अल्पसंख्यक समुदायका लागी क्षमता विकास सहित विशेष कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्तत्ता भएका व्यक्तिहरुका लागी स्वावलम्वन कार्यक्रम संचालन गरिनेछ ।
- अति अशत्त अपाङ्गहरुलाई अपाङ्गत्ता परिचयपत्र लगायत निजले प्राप्त गर्ने विभिन्न सेवा सुविधा घरबाटनै पाउने व्यवस्था मिलाईनेछ ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश सरकारको कार्यक्रमलाई अगाडि बढाईनेछ भने गाउँपालिका अन्तर्गतको कार्यक्रम बन्ध गरिनेछ ।
- गाउँपालिकाकै सबै वडाहरुको सबै टोलमा टोल विकास संस्था गठन गरी सामाजिक परिचालन सचेतना र सशत्तिकरण सरसफाई तथा लघु उधम विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिकाको विकासमा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कार क्षमत्ता विकासको व्यवस्था गरिनेछ ।

- जन्मथलो बडिगाड र कर्मथलो बाहिर भएत्ता पनि बडिगाडलाई मायाँ गरी बडिगाडको विकास निर्माणमा योगदान पुर्याउने गाउँपालिकाको प्रतिष्ठा बढाउने कार्यमा संलग्न व्यक्तिहरुलाई सम्मान गरिनेछ छ ।
- रचनात्मक कामसँगै विपद व्यवस्थापन समाज सशक्तिकरण र रुपान्तरण कार्यक्रम खेलकुद लक्षित कार्यक्रम संचालन गरी युवाहरुलाई समाज विकसका काममा परिचालन गरिनेछ ।
- लागु औषध लगायतका विकृतिबाट युवाहरुको जीवन बचाउन सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- राष्ट्रिय भूमि आयोगको समन्वयमा भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गा प्रदान गर्न आवाश्यक कार्य अगाडि बढाइनेछ ।
- खाध वस्तुको स्वच्छत्ता एवम् गुणस्तर कामय गर्न प्रभावकारी आपूर्ति गुणस्तर परीक्षाण र सघन बजार अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ । बजार व्यवस्थापन तथा उपभोत्ता हित संरक्षणका लागि उपभोत्ता जागरण र सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

### ग.४.सुचना तथा प्रविधि

- गाउँपालिकाको सुचना व्यवस्थापन प्रणालिलाई प्रभावकारी बनाई गाउँपालिकाको ई-प्रोफाईल सार्वजनीक गरिनेछ ।
- नेपाल सरकारले कार्यान्वयनमा ल्याएको नागरिक एप्समा गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा आवद्द गरिनेछ ।
- गाउँपालिकाको सुचना प्रणालीलाई व्यवस्थित एवम् जवाफदेहि बनाउनका लागी गाउँपालिकामा सुचना अधिकारीको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको हरेक गतिविधिहरुलाई प्रविधियुत्त बनाउनका लगी आवश्यक व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाको कार्यालय, गाउँपालिका अन्तर्गतका प्रत्येक शाखा तथा वडाको फेसबुक पेज तथा वेयवसाईलाई थप व्यवस्थित बनाईनेछ ।
- विधालयहरुमा साईवर सुरक्षा तथा डिजिटल साक्षरत्ता सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- बडिगाड गाउँपालिकाको बार्षिक तथा त्रैमासिक भिडियो सामाग्री सहितको बुलेटिन तयार पारी प्रस्तुत गरिनेछ ।
- सुचनाको हक र पालिकाको प्रयास सम्बन्धी गाउँपालिका सरकारवाला तथा पत्रकार विच गोष्ठी तथा अन्तरक्रृयका कार्यक्रम संचालन गरिनेछ ।

## घ.पूर्वाधार विकास

पुर्वाधारको अभावमा कुनै पनि ठाउँको आर्थिक तथा सामाजिक विकास अगाडि बढ्न सक्दैन । हाम्रो बडिगाड गाउँपालिकामा असुविधाजनक भुधरातलिय अवस्था, पुँजीको अभाव र दक्ष जनशक्तिको अभावका वावजुद बडिगाड बासीको आधारभूत सेवा सुविधालाई केन्द्रमा राखी पूर्वाधार विकासमा बडिगाड गाउँपालिका अगाडी बढेको छ। आगामी आर्थिक वर्षका लागी पूर्वाधार विकासमा निम्न नितितहरु अवलम्वन गरिएको छ ।

### घ.१.सडक तथा यातायात

- आफ्नो काम आफ्नै श्रम भनी विग्रेको पूर्वाधारमा सुधार गर्ने कार्यमा नागरिकलाई जोडिनेछ ।

- हरेक वर्ष औसातमा १२ लाख प्रत्येक वाडमा बाटो मर्मत शिर्षकमा बजेट खर्च भइरहेको अवस्था छ | भाद्र-असोजमा मर्मत गरेको सडक एक आर्थिक वर्ष पनि नपुग्दै मानिसहरु समेत आवतजावत गर्न मुस्किल हुने गरि भत्किने गरेको अवस्था छ |
- अब यस आगामी आर्थिक वर्ष २०८०/८१ मा पालिकाले सम्पूर्ण वाड कार्यालय जोड्ने मोटरबाटोलाइ "All Weather Road " बनाउन निम्न कदम चाल्नेछ |
- पालिकाले प्राबिधिकको लागत अनुमान अनुसार विधुतीय ठेक्का मार्फत Hume Pipe खरिद गर्नेछ | उक्त Hume Pipe उपभोक्ता समितिले प्राबिधिक इस्टिमेट अनुसार गाउँपालिकाबाट सहुलियत दरमा खरिद गर्न सक्नेछन | क्रस ड्रेनेजको रुपमा हरेक घुम्तीमा आवश्यक आकार अनुसार Hume pipe राखिने छ |
- पहिरो जोखिम युक्त क्षेत्र पहिचान गरि retaining structure र Bio-Engineering प्रयोग गरि जोखिम न्यूनिकरण गरिने छ |
- धेरै ग्रेड नामिलेको मोटरबाटोको हकमा soling गर्ने र न्युनतम आवश्यक ग्रेड कायम गरिएको बाटो (सम्मो) को हकमा ग्रावेल बिछ्याइ उच्च "Riding Comfortability" कायम गरिने छ |
- बजेट तथा आवश्यकता अनुसार हरेक बाटोमा कच्ची वा पक्कि नाली निर्माण गरिने छ |
- स्वदेशी उत्पादन सिमेन्टको खपत बढाउन प्रोत्साहन गर्न राज्यको नीति समेत रहेको अवस्थामा आवश्यकता र बजेट अनुसार RCC ढलान सडक निर्माण गरिने छ |
- जनश्रमदान कम हुने पाच लाख भन्दा ठुला योजनालाई विधुतीय ठेक्का वा सिलबन्दी दरभाउ पत्र मार्फत गर्न प्राथमिकता दिईने छ |
- बर्खा पछि पालिका भरिका मोटरबाटोहरु (पहिरो र खाल्टा खुल्टीहरु) लाइ गाडी चल्ने योग्य बनाउन सबै वडाको सर्बे गरि पालिका स्तरिय डोजर र ब्याकलोडर प्रयोग गरि मर्मत स्मभार गरिने छ।

### घ.२.नाली तथा पुल-पुलेसा

- अब उपरान्त बन्ने नालीको आकारको न्युनतम मापदण्ड कायम गरिएको छ जस अनुसार अब बन्ने नालीको न्युनतम आकार ४० c.m *४० c.m हुनेछ |
- घना बस्ती र बजारी क्षेत्रमा मात्र ढल निर्माणमा २०% जनश्रमदानको व्यवस्था गरिएको छ |

## घ.३. भवन तथा सहरी विकास

- **"भवन तथा योजना मापदण्ड-२०८०"** कडाइका साथ कार्यान्यन गरिने छ |
- भूकम्पीय जोखिमलाइ न्यूनीकरण देखि लिएर सुरक्षित निर्माण कार्यको सुनिश्चिता र बजारको सौन्दर्य मा अभिवृद्धि गर्न नक्शा पासलाई अनिबार्य गराउने |
- सम्पूर्ण १० ओटै वाडमा कमतीमा १० जनालाई दक्ष श्रामिकहरुलाइ ३ दिने निर्माण कार्य सम्बन्धि तालिम हरेक वाडमा संचालन गरिने छ |
- सम्पूर्ण १० ओटै वाडमा रहेका उपभोक्ता समितिलाई योजना खाता , योजना सम्झौता तथा फरफारक सम्बन्धि २ दिने तालिम हरेक वाडमा संचालन गरिने छ |
- योजना खाता लागु गरिने छ र योजना सग सम्बन्धीत सम्पुर्ण प्रकृया बारे जानकारि योजना खातामा हुने छ ।

- सबै वडा कार्यालयहरु मा एक वा दुइ वडा हेर्ने गरि एक प्राबिधिक वडा कार्यालयमा नै बस्ने ब्यबस्था मिलाई प्राविधिक सेवा वडा कार्यालयबाटै उपलब्ध बनाईनेछ ।
- प्रत्येक वडा मा झोलुङ्गे पुल हेरालुको ब्यबस्था गरिनेछ।

## ङ. खानेपानी सरसफाई वातावरण तथा विपद व्यवस्थापन

### ङ.१.खानेपानी तथा सरसफाई

- समुदायबाट संचालित लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनामा खपत हुने विधुत महसुलमा गाउँपालिकाले ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको सम्पूर्ण वडाहरुमा खानेपानी तथा आधारभूत सरसफाईको उचित प्रबन्ध गरिनेछ भने खानेपानीको बडिगाड गुरुयोजना बनाई **"एक घर एक धारा खानेपानी"** अभियान संचालन गरिनेछ भने अभियान सफल पार्नका लागी नेपाल स्वास्थ्यका लागी खानेपानी संस्था (नेवा), प्रदेश सरकार र संघ सरकारसँग साझेदारी गरी अगाडी बढिनेछ ।
- खानेपानीको पहुँच नपुगेका अति गरिब घरधुरीलाई पाइपद्धारा वा गैरपाइपद्धारा खानेपानी सेवाका लागी उचित अनुदानको व्यवस्था गरिनेछ ।
- सरसफाई तथा खानेपानी सम्बन्धी चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- बडिगाड गाउँपालिकामा जोखिमयुक्त बस्तुहरुबाट हुने प्रदुर्षण नियन्त्रण नियमन तथा व्यवस्थापन गरिनेछ ।
- बडिगाड गाउँपालिकामा फोहरमैला विसर्जन केन्द्र (डम्पिङ साईड) को निर्माण गरिनेछ ।
- बडिगाड गाउँपालिकाबाट समुदायसँग सहकार्य गरी टोल विकस संस्थाको अगुवाईमा आफ्नो टोल र घर आफै सफा राखौं भन्ने उदेश्यका साथ **"सफा टोल सफा बस्ती, ग्रिन बडिगाड क्लिन बडिगाड"** भन्ने सफा बडिगाड अभियान संचालन गरिनेछ ।
- सफा बडिगाड अभियानमा टोल विकास संस्था, सामाजिक संस्था, युवा क्लवहरु लागयत स्थानिय संघसंस्थाहरु पिरचालन गरिनेछ ।
- बडिगाड गाउँपालिकालाई पूर्ण सरसफाई पालिका घोषणा गर्नका लागी कार्यक्रमहरु अगाडी बढाईनेछ ।

### ङ.२. वन वातावरण तथा विपद व्यवस्थापन

- बडिगाड गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुसँगको सहकार्यमा सामुदायिक वन भित्र आयमूलक वृक्षारोपण गर्ने कार्यालई अगाडि बढाईनेछ ।
- बडिगाड गाउँपालिकाकामा **"एक वडा एक हरियाली पार्क"** निर्माण अभियानको सुभारम्भ गरिनेछ ।
- भूसंरक्षाण तथा जलाधार प्रभावकारी रुपमा व्यवस्थापन गर्नका लागी नदिले छोडेका ठाउँहरु नहरका किनारहरु तथा सडक किनाराहरुमा वृक्षारोपणको व्यवस्थापन गरिनेछ ।
- **"एक रुख कटान दुईवटा रुख वृक्षारोपण"** कार्यक्रम अन्तर्गत सामुदायिक बनहरुमा एक रुख काटेपछी पुन उत्त ठाउँमा दुई वटा विरुवा अनिवार्य रुपमा वृक्षारोपण गर्नुपर्न नियम लागु गरिनेछ ।
- बडिगाड गाउँपालिकाको विभिन्न सार्वजनिक ठाउँहरुमा २००० वटा पिपल, भोटे पिपल, स्वामी, वर जस्ता रुखहरुको विरुवा वृक्षारोपण गरीनेछ ।
- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र विपद जोखिम नक्शांकन प्रतिवेदन तयार गरी कार्यान्वयन गरीनेछ ।

➢ विपद व्यवस्थापनमा आवाश्यक यन्त्र उपकरणको व्यवस्थापन गरी उद्दारको व्यवस्था मिलाईनेछ भने वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गरी कार्यान्वयनमा ल्याईनेछ ।

➢ समुदायलाई जलवायु परिवर्तनको असर न्यूनिकरण र पुनस्थापनाका लागी आवाश्यक कार्यक्रम संचालन गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

माथि उल्लिखित तीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी संघ तथ प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने समानीकरण तथा सशर्त अनुदान राजश्व बाँडफाँड र आन्तरीक श्रोतको रकमबाट गाउँपालिकावासीको अपेक्षा अनुरुप कार्यक्रम तथा बजेट सहितको आर्थिक विधयक र विनियोजन विधेयक यसै गाउँसभाको दोस्रो बैठक समक्ष पेश गरिने व्यहोरा गाउँसभाका सदस्यहरुमा जानकारी गराउँदछु । साथै संघिय सरकार र प्रदेश सरकारबाट समपुरकको रुपमा विभिन्न शिर्षकमा विनियोजित भई आउने आयोजनाहरुलाई समेत आवाश्यक बजेटको व्यवस्था गरिनेछ ।

**अन्त्यमा,**

**"समृद्ध बडिगाडः खुशी बडिगाडवासी"** भन्ने मुल नारालाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको मुख्य लक्ष्य सहित प्रस्तुत गरिएको छ । यो नीति तथा कार्यक्रमको सफल कायाणन्वयनबाट बडिगाडको विकासको आधारशीला खडा हुनेछ । आर्थिक पारदर्शिता र सुशासन कामयम हुनेछ । बडिगाड गाउँपालिकाको सेवाको गुणस्तर वृद्दी भई आम बडिगाड बासीको मन जिन्त सफल हुनेछ । यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

बडिगाड गाउँपालिका सरकारको तर्फबाट मैले हालसम्म प्राप्त उपलब्धिहरुलाई अझ सुदृढ बनाउँदै आर्थिक सामाजिक र सांस्कृतिक सबै क्षेत्रको समतामूलक विकासका लागि समृद्द बडिगाडः खुशी बडिगाडवासी भन्ने दिर्घकालिन लक्ष्यसहितको आकांक्षा पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रसताव गरेको छु । यो भन्दा अघिल्लो सरकारले गरेका राम्रा अभ्यासहरुलाई निरन्तरत्ता दिईनेछ भने कमिकमजोडिहरुलाई सुधारदै लगिनेछ । यो नीति तथा कार्यक्रम बाल्यकालमा शिक्षा स्वास्थ्य र पोषण युवा अवस्थामा सीप उधमशिलता र रोजगार जीवनको उत्तरार्धामा जेष्ठ नागरीकलाई सम्मान संरक्षाण जनजाती दलित महिला अपाङ्ग अल्पसंख्यकहरुका लागी समतामूलक अवसर सिर्जनामा केन्द्रित रहेको छ ।

यो निति तथा कार्यक्रम निर्माण गर्नका लागी प्रत्येक्षा वा अप्रत्येक्ष रुपमा सहयोग पुर्याउनुहुने सम्पूर्ण सभाका सभासदस्यज्यूहरु राष्ट्रसेवक कर्मचारीहरु विषयगत समितिका पदाधिकारी एवम् सदस्यहरु राजनितिक दलका प्रतिनिधहरु विभिन्न संघसंस्थाका प्रमुख एवम् प्रतिनिधहरु पूर्व जनप्रतिनिधिहरु शिक्षक समाजसेवी बुदिजिवि पत्रकार साथै अन्य महानुभावहरुमा सहयोगका लागी विशेष धन्यवाद एवम् आभार प्रकट गर्दछु । निति तथा कार्यक्रम तर्जुमा गरी निर्माण गर्न जति कठिन छ त्यो भन्दा बढि कठिन कार्यान्वयन गर्न छ । त्यसैले यो नीति तथा कार्यक्रम सफल कार्यान्वयनका लागी बवै पक्षबाट सहयो र रचनात्मक सल्लाह र सुझावको अपेक्षा गर्दै नीति तथा कार्यक्रम प्रस्तुतकर्ता एवम् बडिगाड गाउँपालिका अध्यक्ष तपाईहरु माझबाट ओझेल पर्न चाहान्छु । धन्यवाद ! नमस्कार !

**जय बडिगाडवासी ! जय बडिगाड !**

गण्डकी थापा अधिकारी
अध्यक्ष
बडिगाड गाउँपालिका
ग्वालिचौर, बागलुङ